नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर

# सम्पूर्ण धितोपत्र लगानीकर्ताहरुलाई सूचना

१. बोर्डले प्राथमिक निष्काशनमा आवेदन दिने कार्यलाई सरलीकृत गर्न २०७३ माघ १ गतेदेखि काठमाडौं उपत्यकाबाहिर समेत प्राथमिक निष्काशनमा आवेदन गर्दा हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको व्यहोरा सबैलाई पुन: जानकारी गराउदै हालसम्म हितग्राही खाता नखोलेका लगानीकर्ताहरुलाई आफ्नो हितग्राही खाता शीघ्र खोल्न सूचित गरिन्छ ।

२. बोर्डको निर्देशन अनुरुप प्राथमिक निष्काशनमा सेयर नपरेमा वा आंशिक रुपमा परेमा र सूचिकृत संगठित संस्थाले दिने नगद लाभांश अनिवार्य रुपमा लगानीकर्ताको बैंक खातामा जाने व्यवस्था समेत गरिएकोमा यसलाई अझ प्रभावकारी बनाउन सिडिएस एण्ड क्लियरिङ्ग लि.ले लगानीकर्तालाई हितग्राही खाता खोल्दा आफ्नो बैंक खाता अनिवार्य रुपमा उल्लेख गर्नुहुन २०७३ पौष १२ गते सूचना जारी गरिसकेको हुदा हितग्राही खाता खोल्दा आफ्नो बैंक खाता अनिवार्य रुपमा उल्लेख गर्नुहुन समेत सूचित गरिन्छ ।

३. साथै सार्वजनिक निष्काशन प्रकृयालाई थप सरल, व्यवस्थित, पारदर्शी बनाई सार्वजनिक निष्काशनको ७० दिने समयावधिलाई उल्लेख्यरुपमा न्यून गर्ने उद्देश्यले २०७३ माघ १ गतेदेखि “धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३” (ASBA प्रणाली) लागू गर्न लागेको हुनाले धितोपत्रको सार्वजनिक निष्काशनमा धितोपत्र खरिद गर्दा बोर्डबाट अनुमतिप्राप्त बैंकहरु मार्फत उक्त सेवा प्रयोग गरी लाभान्वित हुन सम्पूर्ण लगानीकर्ताहरुलाई सूचित गरिन्छ ।